# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग
बालुवाटार ।

## फर्निचर सामान खरीद गर्ने बारेको शिलवन्दी वोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०६४।९।९)

यस बैंकको केन्द्रीय कार्यालयको लागि फर्निचर समानहरु खरिद गर्नु परेकोले इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औ २०६४/१०/८) दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारबाट पछि फिर्ता नहुने गरी रु. ५००/- (पाँच सय मात्र) तिरी खरीद गर्न सकिनेछ । वोलपत्र यस बैंकबाट विक्रि भएको सक्कल फारममा पेश गर्नु पर्नेछ ।

२. वोलपत्र फाराम साथ जमानत वापत आफुले कवुल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने बैंकबाट जारी न्यूनतम १२० दिनको मान्य अवधि भएको बैंकजमानतपत्र संलग्न गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं (२०६४/१०/९) दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा वोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं (२०६४/१०/९) दिनको (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो १:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ ।

५. वोलपत्र सम्वन्धी अन्य शर्तहरु प्रचलित ऐन, नियम तथा वोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । यस सवन्धी सूचना यस बैंकको वेब साईट (www.nrb.org.np) मा पनि हेर्न सकिनेछ । अन्य थप जानकारी चाहिएमा सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
## फर्निचर सामानहरु खरिद गर्ने बारेको
## शिलवन्दी वोलपत्र फाराम ।

| |
|---|
| वोलपत्र विक्री गर्ने अन्तिम मिति र समय :२०६४/१० /८गते ३.००बजे सम्म<br>वोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०६४/१० /९गते १२.००बजे सम्म<br>वोलपत्र खोल्ने मिति र समय : २०६४/१०/९ गत १.०० बजे |

त्यस बैंकको लागि संलग्न स्पेसिफिकेशन /नमूना बमोजिम आवश्यक फर्निचर सामानहरु खरीद गर्ने बारे मिति २०६४/९ /९ गतेको गोरखापत्र दैनिकमा प्रकाशित शिलवन्दी वोलपत्र सूचना र संलग्न फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहने गरी यस फर्म/कम्पनीले बैंकलाई फर्निचर सामानहरु उपलब्ध गराउन मन्जुर गरी यो शिलवन्दी वोलपत्र फाराम पेश गरिएको छ ।

फर्मको नाम :

ठेगाना :

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत (संचालक, प्रोप्राईटर वा संस्थाले अख्तियारी दिएको व्यक्ति):

पुरा नाम :

मिति :

फोन नं. :

फ्याक्स :

फर्मको छाप :

## २. शर्तहरुः



(१) वोलपत्रदाताले खाम बाहिरपट्टी शीरमा "फर्निचर सामान आपूर्ती गर्ने" बारे भन्ने अक्षरमा लेखि श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभागलाई सम्बोधन गरिएको हुनु पर्दछ । वोलपत्र पेश गर्दा बैंकबाट खरीद गरेको सक्कलै वोलपत्र फाराम पेश गर्नु पर्दछ

(२) वोलपत्रदाताले वोलपत्र फाराम साथ फर्म/कम्पनि दर्ता गरेको प्रमाण-पत्र (नविकरण गरेको) मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्र वा आयकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न हुनु पर्नेछ ।

(३) वोलपत्रदाताले दर (रेट) अंक र अक्षरमा लेख्नुको साथै जम्मा रकम समेत प्रष्ट उल्लेख गर्नु पर्नेछ । वोलपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा, दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षरले समेत वोलाई लेख्नु पर्नेछ । जम्मामा अंक अक्षर नलेखिएको वोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नबिराईकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । बिरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्न हुदैन बिरिए जति अंक र अक्षर पढ्न सकिने गरी केरी थप्न पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो लेखि थप तथा केरमेटमा समेत अरु अंक र अक्षर थप घट गर्न नमिल्ने गरी अगाडि र पछाडी सहिछाप गरेको हुनु पर्नेछ ।

(४) फर्म वा कम्पनीको तर्फबाट वोलपत्र पेश गर्दा फर्मको हकमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले र कम्पनीको हकमा अख्तियार प्राप्त व्यक्तिले वोलपत्र फारामका प्रत्येक पानामा दस्तखत गरी आफ्नो कार्यालयको छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(५) प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं(२०६४/१०/९) दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा वोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

(६) प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं (२०६४/१०/९) दिनको (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो १:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा वोलपत्र खोलिनेछ ।

(७) वोलपत्रका साथ जमानत वापत आफुले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथलीस्थित सामान्य हिसाव नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिले न्यूनतम १२० दिन अबधि भएको यस बैंकलाई मान्य हुने बैंकबाट जारी भएको बैंक जमानत पत्र संलग्न हुनु पर्दछ ।

(८) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने संपूर्ण अधिकार बैंकको हुनेछ ।

(९) वोलपत्र फाराममा उल्लेखित मूल्य वा रकम बैंकलाई सामान डेलिभरी गर्दाको मूल्य अभिबृद्धि कर सहितको अन्तिम मूल्य हुनु पर्दछ र सो मूल्य कार्य सम्पादन भई नसकुन्जेलसम्म घटवढ गर्न पाइने छैन ।

(१०) यस वोलपत्रमा उल्लेख भएका वाहेक वोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी वोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

(११) सामान्यतया रीत पुगेका वोलपत्रहरुमध्ये सबैभन्दा कम अंक कवोल गर्ने वोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ । एक भन्दा बढी वोलपत्रदाताको बोलअंक (न्युनतम) समान हुन गएमा यस्तो बोल अंक कवोल गर्ने फर्म/कम्पनी मध्ये बढी अनुभवी फर्म/कम्पनीको वोलपत्र स्वीकृत गरिनेछ ।

(१२) वोलपत्र स्वीकृत फर्म/कम्पनीले वोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत वापत नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली स्थित सामान्य हिसाव नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकलाई मान्य हुने बैंकबाट जारी भएको न्यूनतम १२० दिन अबधि भएको कार्य सम्पादन जमानत सहित सम्झौता गर्न आउनु पर्नेछ । कार्य सम्पादन जमानत रकम जम्मा गर्दा वोलपत्र फारम साथ शर्त नं. ७ अनुसार जम्मा गरेको अर्नेष्टमनीले नपुग हुन आएजति रकम मात्र थप जम्मा गरेमा मान्य हुनेछ ।

(१३) वोलपत्र स्वीकृत फर्म वा कम्पनीले शर्त नं १२ बमोजिमको कार्य सम्पादन जमानत सहित तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा निजले शर्त नं ७ अनुसार जम्मा गरेको जमानित (अर्नेष्ट मनी) जफत गरी त्यस्तो फर्म वा कम्पनीलाई घटीमा ३ वर्षसम्म कालो सूचीमा राख्न सकिनेछ । यसैगरी सम्झौता गरी कार्यादेश बुझ्न नआएमा वा सम्झौतामा उल्लेख भए बमोजिम कार्य नगरेमा शर्त नं १२ बमोजिम राखेको कार्य सम्पादन जमानत रकम जफत गर्नुका साथै सम्झौता भंग गरी त्यस्तो फर्म/कम्पनीलाई घटीमा ३ वर्षसम्म कालो सूचीमा राख्न सकिनेछ । सो उपर उजुर लाग्ने छैन ।

(१४) वोलपत्र स्वीकृत भई "फर्निचर सामान" आपूर्ति गर्न आदेश दिएको मितिले ३० दिन भित्र सम्पूर्ण सामानहरु यस बैंकमा बुझाउनु पर्नेछ । मनासिब माफिकको कारण सहित निबेदन दिएमा सो म्याद नाघेको मितिले १५ दिन सम्म दैनिक रु.५००।०० का दरले हर्जाना लिई बैंकले सामान बुझ्न सक्नेछ । सो अवधि पछि फर्निचर सामानहरु बुझ्न बैंक वाध्य हुने छैन र निजले राखेको दफा १२ अनुसारको धरौटी वापत्को रकम जफत गरी त्यस्तो फर्मलाई घटीमा ३ वर्षसम्म कालो सूचीमा राख्न सकिनेछ । उजुर लाग्ने छैन । उक्त १५ दिनको म्याद पश्चात पनि सामानको अति आवश्यक्ता महशुस गरी बैकले सामान बुझ्नु परेमा उक्त १५ दिन पश्चात दैनिक रु.७००/००का दरले हर्जाना लिई सामान बुझ्न सक्नेछ

(१५) आदेश पाउने आपूर्तिकर्ताले यस बैंकले तोकेको स्पेसिफिकेशन/ नमूना अनुसारको फर्निचर सामानहरु उपलब्ध गराउनु पर्नेछ । बैंकले तोकेको स्तर बमोजिमको सामानको गुणस्तर, आदी फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन । सोको क्षतिपूर्ति वापत शर्त नं १२ बमोजिम राखेको कार्य सम्पादन जमानत रकम जफत गर्नुका साथै सम्झौता भंग गरी त्यस्तो फर्म/कम्पनीलाई घटीमा ३ वर्षसम्म कालो सूचीमा राख्न सकिनेछ । सो उपर उजुर लाग्ने छैन ।

(१६) वोलपत्र अस्वीकृत हुनेको जमानत (अर्नेष्ट मनि) वापत जम्मा रहेको रकम वा बैंक जमानत वोलपत्रको निर्णय पछि बिना व्याज फिर्ता गरिनेछ ।

(१७) नियमानुसार नेपाल सरकारलाई तिर्नु पर्ने कर लगायतका सम्पूर्ण रकम वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

(१८) आदेश वमोजिम सम्पूर्ण फर्निचर बुझाई सकेपछि मात्र वीलको भुक्तानी एकाउन्टपेयी चेकबाट गरिने छ । अग्रिम वा आंशिक भुक्तानी दिइने छैन ।

(१९) रीत नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

सामान्य सेवा विभाग
बालुवाटार

**सामानको बिबरण र मूल्य ।**

(उल्लेखित मूल्य मू.अ.कर सहितको अन्तिम मूल्य हुनु पर्ने छ ।)

| सि.नं. | सामानको नाम | सामानको विवरण | परिमाण | प्रतिइकाइ मूल्य रु. | जम्मा रकम रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | अधिकृत मेच काठको | स्तरिय कपडा, डनलप, हात भएको | १५ | | | |
| २ | साधारण मेच काठको | रेग्जीन, डनलप, हात भएको | ७० | | | |
| ३ | रिभल्विङ्ग मेच | नमूना अनुसारको | ३३ | | | |
| ४ | अफिसर टेबल | ६ लाइन बोर्डको 3'X5' डबल बक्स, राउण्ड सेफ फरमाइका टप टेबल | १८ | | | |
| ५ | स्टील फाईलिङ्ग क्याबिनेट | 50'X 18.5'X28' (१८गेज) | ५ | | | |
| ६ | ब्ल्याक / ह्वाइट बोर्ड | नमूना अनुसार | ६ | | | |

- उपरोक्त सामानहरु बैंकको नमूना अनुसार हुनु पर्नेछ ।